नेपाल सरकार
आपूर्ति मन्त्रालय

# प्रेस विज्ञप्ति

विगतको अनुभवलाई मध्यनजर गर्दा बन्द, हडताल, असहज परिस्थितिमा समेत प्रभावकारी रुपमा नेपाल भर पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्थाको कार्य गर्दै आएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, साझा सहकारी संस्थाको भूमिका महत्वपूर्ण देखिएकोले यसलाई अझ प्रभावकारी बनाउन र आम नेपाली उपभोक्ताहरुलाई पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सरल, सहज र सुलभ बनाउन मिति २०७३।६।१८ गते माननीय आपूर्ति मन्त्री दीपक बोहराज्यूको अध्यक्षतामा सम्बद्ध पदाधिकारीहरुको उपस्थितिमा बसेको बैठकबाट देहाय बमोजिमका विषयमा छलफल भयो ।

- बजारमा हुने कार्टेलिङ्ग, सिण्डिकेट जस्ता क्रियाकलापहरुबाट उपभोक्ताहरुले समयमै चाहे अनुकूलको परिमाण र गुणस्तरमा इन्धन पाउन नसक्ने अवस्थालाई दृष्टिगत गरी यस्ता क्रियाकलापहरुलाई न्यूनिकरण गर्नका लागि काठमाडौं उपत्यका भित्र सरकारी निकायले अत्याधुनिक बहु Dispensary मा १०० वटा भन्दा बढी सवारी साधन अट्ने क्षेत्रफल भएका १५ वटा नयाँ अत्याधुनिक पेट्रोल पम्पहरु स्थापना गर्ने ।
- प्रत्येक जिल्लामा सरकारी तथा सरकारी निकायको प्रयासमा कम्तीमा पनि १/१ वटा पेट्रोल पम्प स्थापना गर्ने ।
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, साझा सहकारी संस्था लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड लगायतका सरकारी निकायले संयुक्त रुपमा ट्याँकर खरिद गर्ने र २००० मे.टन क्षमताका ग्याँस उद्योग स्थापना गर्नेतर्फ पहल गर्ने।
- प्रस्तुत विषयलाई मूर्तरुप दिनका लागि आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा नेपाल आयल निगम लिमिटेड सहित संबद्ध निकायका पदाधिकारीहरु सदस्य रहने गरी एक समिति गठन गर्ने ।

२०७३।६।१८

मिति २०७३।६।१८

बलभद्र गिरी
सहायक प्रवक्ता